कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

वर्षः २६ | अंकः ३ | वि.सं. २०८३ वैशाख ३ बिहिवार | नेपाल संवतः ११४५, वैशाख कृष्ण चतुर्दशी | Thursday 16 April 2026 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५ ।-

● कर्णालीको प्रशासनिक र विकास बजेट कार्यान्वयनबीच ठुलो अन्तर

# तीन महिनामा १६ अर्ब विकास बजेट कार्यान्वयनको दवावमा सरकार

**आगामी असार मसान्त अर्थात तीन महिनाको अवधिमा विकासतर्फको १६ अर्ब ५५ करोड ४७ लाख ६८ हजार बराबरको बजेट कार्यान्वयन गर्नुपर्ने दवावमा सरकार छ । विगतमा पनि प्रदेश सरकारको ठुलो बजेट आर्थिक वर्षका तीन महिनामा कार्यान्वयन हुने गरेको छ । तीन महिनामा प्रदेश सरकारले जस्तो सुकै काम गरेपनि बढीमा तनिदेखि चार अर्बमात्रै खर्च हुने देखिन्छ । जसका कारण बजेट कितावमा समेटिएका सबै योजना कार्यान्वयन हुने छैनन् भने विकासतर्फको बजेटको ठुलो हिस्सा फ्रिज हुनेछ ।**




**ओम शाही**
**सुर्खेत, २ वैशाख ।**

चालु आर्थिक वर्ष २०८२/०८३ को चैत मसान्तसम्म कर्णाली प्रदेशको कुल बजेटको २४ दशमलव २१ प्रतिशत खर्च भएको छ। फागुन मसान्तसम्म प्रदेश सरकारले १९ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएको थियो। एक महिना अर्थात चैत महिनामा मात्रै प्रदेश सरकारले चार प्रतिशत बजेट कायान्वयनमा ल्याएको छ। चालु आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सरकारले ३३ अर्ब १९ करोड ३६ लाख ५५ हजार बराबरको बजेट ल्याएको थियो।

जसमा चालुतर्फ १२ अर्ब ५९ करोड ५० लाख ९२ हजार र पूँजिगततर्फ १९ अर्ब ९८ करोड ३५ लाख ६३ हजार बजेट प्रदेश सरकारले कार्यान्वयन गरिरहेको छ। प्रदेश लोखा नियन्त्रक कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांक अनुसार नौ महिना अर्थात चैत मसान्तसम्म कुल बजेटको २४ प्रतिशत अर्थात आठ अर्ब ३६ करोड २६ लाख ८१ हजार ८२ रुपैयाँ खर्च भएको छ।

कुल खर्च भएको बजेटमा चालुतर्फ चार अर्ब ५४ करोड ७१ लाख २३ हजार दुई सय १९ रुपैयाँ अर्थात ३६ दशमलव १० प्रतिशत खर्च हुँदा विकासतर्फको बजेट भने तीन अर्ब ४२ करोड ८७ लाख ९४ हजार खर्च भएको छ।

यो कुल बजेटको १७ दशमलव १६ प्रतिशत मात्र हो। अब प्रदेश सरकारको संचित खातामा २५ अर्ब १५ करोड ७३ लाख ८६ हजार आठ सय रुपैयाँ मौज्दात छ। अबको तीन महिनामा यो बजेट कार्यान्वयन गर्नुपर्ने छ। आगामी असार मसान्तसम्म विकासतर्फको १६ अर्ब ५५ करोड ४७ लाख ६८ हजार बराबरको बजेट कार्यान्वयन गर्नुपर्ने दवावमा सरकार छ।

विगतमा पनि प्रदेश सरकारको ठुलो बजेट आर्थिक वर्षका तीन महिनामा कार्यान्वयन हुने गरेको छ। तीन महिनामा प्रदेश सरकारले जस्तो सुकै काम गरेपनि बढीमा तीनदेखि चार अर्बमात्रै खर्च हुने देखिन्छ। जसका कारण बजेट कितावमा समेटिएका सबै योजना कार्यान्वयन हुने छैनन् भने विकास बजेटको ठुलो हिस्सा फ्रिज हुनेछ।

प्रदेश सरकारको बजेट खर्च गर्नसक्ने क्षमता कमजोर भएको यो पहिलो पटक भने होइन। यसअघि पनि सरकारले आफ्नो लक्ष्य अनुसार बजेट खर्चको अंक ७० प्रतिशत कटाउन सकेको छैन। मुख्यमन्त्री यामलाल कँडेलले योजना छनोट र बजेट कार्यान्वयनमा थिति बसालेको दाबी गरे पनि बजेट कार्यान्वयनको पाटो भने सुध्रनुको साटो झन् अस्तव्यस्त बन्दै गएको तथ्यले पुष्टि गर्दछ।

कँडेलले योजना छनोट कार्यविधि बनाएर बजेटलाई अनुत्पादक क्षेत्रमा खर्च हुन नदिने प्रयास थालेका थिए। उनले प्रदेश मातहतका कार्यालयलाई बजेट कार्यान्वयन मार्गदर्शन जारी गरेर बजेट कार्यान्वयनलाई गति दिने प्रयास गरेका थिए। कार्यालय प्रमुखहरूलाई वीरेन्द्रनगरमा बोलाएर प्रतिवद्धतासमेत व्यक्त गर्न उनले लगाए। जिल्ला-जिल्ला पुगेर मातहतका निकायलाई बजेट कार्यान्वयनको योजना बनाउँन लगाए। तर बजेट कार्यान्वयनको ग्राफ बढाउन भने मुख्यमन्त्री कँडेल असफल देखिएका छन्।

उनले प्रदेशका विभिन्न निकायहरु हेरफेर गर्नेदेखि होटलमा कार्यक्रम नगर्नेसम्मका नीति लिएका थिए। उनको यो कदम आन्तरिक स्रोतमा कमजोर रहेको कर्णालीको प्रशासनिक खर्च घटाउने थियो। तर तथ्यले भने चालु अर्थात प्रशासनिक खर्चको ग्राफ भने निरन्तर उकालो लागेको देखिन्छ। चालु आर्थिक वर्षमा बजेट किताबमा परेका आयोजनालाई समयमै खरिद प्रक्रियामा लगेर काम सुरु गरिने दाबी गरिएको थियो। तर आर्थिक वर्ष सुरु भएको नौ महिना बितिसक्दा पनि विकास निर्माणका योजना अपेक्षाअनुसार अघि बढ्न नसक्दा विकास बजेट प्रदेश सरकारको सञ्चित खातामा थन्किएको छ।

योजना तयारीमा ढिलाइ, खरिद प्रक्रियामा जटिलता तथा प्राविधिक जनशक्तिको अभावका कारण बजेट कार्यान्वयन प्रभावित भइरहेको दाबी प्रदेशका निकायहरूको छ। अन्य समय सुस्ताउने र आर्थिक वर्ष सकिनै लाग्दा जुरमुराउने विगतकै परिपाटीका कारण प्रदेश सरकारले चैतपछि खर्चको दर बढाउने गरेको छ।

## कुन मन्त्रालयको खर्च कति ?

कर्णालीको सडक, पुल, भवन लगायतका भौतिक पूर्वाधार निर्माणको जिम्मा पाएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले कमजोर कार्यसम्पादा गरिहेको छ। कुल ११ अर्ब १२ करोड १० लाख ७० हजार बजेट रहेको यस मन्त्रालयले नौ महिनाको अवधिमा जम्मा १९ दशमलव २३ प्रतिशत बजेट मात्रै कार्यान्वयनमा ल्याएको छ। जसमा चालुतर्फ १४ करोड ६४ लाख ९१ हजार एक सय १५ रुपैयाँ अर्थात ५२ दशमलव २० प्रतिशत खर्च गर्दा पूँजिगततर्फ भने एक अर्ब ९७ करोड ११ लाख १२ हजार रुपौयाँ खर्च गरेको छ।

प्रतिशतका आधारमा हर्ने हो भने भौतिक मन्त्रालयले नौ महिनाको

▶▶ बाँकी २ पेजमा

# पाँच वर्षमा स्वास्थ्यमा आठ प्रतिशत बजेट पुऱ्याउने सरकारको प्रतिबद्धता



**युग संवाददाता**
**काठमाडौँ, २ वैशाख ।**

सरकारले स्वास्थ्य क्षेत्रको बजेट हिस्सा विसं २०८८ सम्म आठ प्रतिशत पुऱ्याइने प्रतिबद्धता जनाएको छ। सरकारले बुधबार सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतामा पाँच वर्षमा स्वास्थ्य क्षेत्रमा आठ प्रतिशत बजेट पुर्‍याउने उल्लेख गरेको हो।

विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार कुल बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गर्नुपर्ने हुन्छ। प्रतिबद्धतामा स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय तथा प्रत्येक नागरिकको पहुँच पुग्ने गरी विस्तार गरिने उल्लेख छ।

'एक नागरिक एक डिजिटल स्वास्थ्य प्रोफाइल' लागू गरिनाका साथै छरिएर रहेका स्वास्थ्यसम्बन्धी सुविधा र सहुलितयलाई सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गरिने पनि उल्लेख गरिएको छ। त्यसैगरी प्रत्येक प्रदेशमा एक अत्याधुनिक अपाङ्गता पुनःस्थापना विशिष्टीकृत स्रोत केन्द्र स्थापना गरी एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिने उल्लेख छ।

### जलन पीडितलाई निःशुल्क उपचार

सरकारले जलन पीडितलाई निःशुल्क र गुणस्तरीय उपचार तथा मानसिक स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुर्‍याइने जनाइएको छ। प्रतिबद्धतामा ज्येष्ठ नागरिक तथा अशक्त नागरिकको घरदैलोमा आधारभूत स्वास्थ्य सेवा पुर्‍याइने, समग्र स्वास्थ्य प्रणाली सुधारका लागि आधारभूत स्वास्थ्यमा न्यूनतम मापदण्ड तयार गरी एकीकृत मोडल लागू गरिने, सङ्घ, प्रदेश र स्थानीय तहका स्वास्थ्य संरचनाको पुनःसंरचना गरी स्वास्थ्यकर्मी, उपकरण, भवन तथा सेवाको वर्गीकरण गुणस्तर निर्धारण गरिने उल्लेख छ। ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विशेष प्राथमिकताका साथ सञ्चालन गरिने छ।

### प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सक

प्रतिबद्धतामा प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तीमा एक जना चिकित्सा शिक्षामा स्नातकोत्तर तह उत्तीर्ण गरेका (एमडिपिजी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराइने बताइएको छ।

त्यस्तै, गरिब, मजदुर, किसान, अपाङ्गता भएका व्यक्तिको बिमा वा निःशुल्क उपचार तथा अनिवार्य श्रम गर्नेलाई निःशुल्क स्वास्थ्य सेवाको नीति लागू गरिने प्रतिबद्धतामा उल्लेख छ। रोग लागेपछि उपचार होइन रोग नै लाग्न नदिने अवस्था सृजना, स्वस्थ हावापानी, वातावरण र सक्रिय जीवनशैली प्रोत्साहन गरी 'म स्वस्थ मेरो परिवार स्वस्थ्य' भन्ने महाअभियान सञ्चालन गरिने प्रतिबद्धतामा उल्लेख छ।

स्वास्थ्य सेवामा आयुर्वेद, प्राकृतिक उपचार र योगध्यानलाई जोडी प्रमुख पर्यटकीय क्षेत्रहरूमा 'वेलनेस जोन' र योग प्रयोगशाला निर्माण गरिनाका साथै पाठ्यक्रममा योग, ध्यान र आयोग्य पर्यटन समावेश गरिने प्रतिबद्धतामा उल्लेख छ। उक्त प्रतिबद्धतालाई आगामी आर्थिक वर्ष २०८३/८४ को र त्यसपछिका वार्षिक नीति तथा कार्यक्रम, बजेट र सुधार 'एजेन्डा'मा आबद्ध गरिने जनाइएको छ।

**राष्ट्रिय आर्थिक गणना, २०८३ सफल पारौं !**

**"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"**

- **आर्थिक गणना किनः** देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- **गणना अवधिः** २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- **कसलाई समेट्नेः** सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

**तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।**
**सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD

CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# जेन-जी आन्दोलनको वर्ष

सोमबारबाट नेपाली वर्ष २०८२ समाप्त भई नयाँ वर्ष २०८३ सुरु भएको छ। बितेको वर्षलाई फर्केर हेर्दा, यो केवल समयको फेरबदल मात्र होइन, राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणको एउटा गहिरो मोडका रूपमा देखिन्छ। वर्ष २०८२ नेपाल र नेपालीका लागि असाधारण तनाव, अनिश्चितता र परिवर्तनको वर्ष बन्यो। विश्व भूराजनीतिमा आएको उतारचढाव, विशेषगरी खाडी क्षेत्रमा चर्किएको युद्ध, त्यसको प्रभावस्वरूप तेल, सुनचाँदी तथा अमेरिकी डलरको विनिमय दरमा आएको तीव्र उतारचढावले नेपाली अर्थतन्त्रलाई थप दबाबमा राख्यो। आयातमा निर्भर अर्थतन्त्र भएकाले नेपालले यसको प्रत्यक्ष असर भोग्नुपर्‍यो–महँगी बढ्यो, बजार अस्थिर बन्यो, र आम नागरिकको जीवनयापन कठिन भयो। तर वर्ष २०८२ लाई सबैभन्दा बढी चिनाउने घटना भने जेन-जी आन्दोलन बन्यो। २३-२४ भदौका दिनहरू केवल आन्दोलनका दिन मात्र रहेनन्, ती दिनहरूले नेपालको राजनीतिक इतिहासमा गहिरो छाप छोडे। आन्दोलन रक्तपातपूर्ण बन्दै जाँदा २४ भदौमा भएको व्यापक विध्वंसले मुलुकलाई झकझक्यायो। सार्वजनिक तथा निजी संरचनामा भएको ठूलो क्षतिले राज्यको संरचनात्मक कमजोरीलाई उजागर गर्‍यो।

विशेषगरी कर्णाली प्रदेशमा आन्दोलनले गम्भीर असर पार्‍यो। करिब २१ करोड रुपैयाँभन्दा बढीको भौतिक क्षति हुनु केवल आर्थिक नोक्सानी मात्र होइन, राज्यप्रति नागरिकको असन्तुष्टि र आक्रोशको प्रतिविम्ब पनि हो। प्रदेशसभा सचिवालयदेखि स्थानीय तहका कार्यालयसम्म भएका तोडफोड र आगजनीले राज्य संयन्त्रको सुरक्षा र व्यवस्थापन क्षमतामाथि प्रश्न उठाएको छ। जेन-जी आन्दोलनको अर्को महत्वपूर्ण प्रभाव राजनीतिक संरचनामा देखियो। आफूलाई स्थायी र शक्तिशाली ठान्ने ठूला दलहरू–नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा–लाई यसले गम्भीर धक्का दियो। जनतामा बढ्दो असन्तोष र नयाँ पुस्ताको राजनीतिक चेतनाले पुराना शक्तिहरूलाई चुनौती दिएको स्पष्ट देखियो। यसै आन्दोलनको परिणामस्वरूप मुलुक निर्धारित समयभन्दा करिब डेढ वर्षअघि नै आम निर्वाचनमा होमियो। आपतकालीन अवस्थामा सम्पन्न गरिएको निर्वाचनले राजनीतिक निकास त दियो, तर यसको आर्थिक मूल्य निकै महँगो रह्यो। करिब २० अर्ब रुपैयाँको अतिरिक्त व्ययभार राज्यले बोक्नुपर्‍यो, जुन स्रोत सीमित भएको मुलुकका लागि ठूलो बोझ हो। यद्यपि, सबै चुनौतीबीच केही सकारात्मक संकेतहरू पनि देखिएका छन्। नयाँ सत्तासमीकरण र बदलिँदो राजनीतिक परिदृश्यले सुधारको सम्भावना देखाएको छ। जनताको आवाज सशक्त रूपमा उठेको छ, जसले शासनप्रणालीलाई अझ उत्तरदायी बन्न बाध्य बनाएको छ।

अब नयाँ वर्ष २०८३ ले यी चुनौतीहरूबाट पाठ सिक्दै स्थायित्व, समृद्धि र सुशासनको बाटो समात्न सक्छ ?, जेन-जी आन्दोलनले देखाएको जनशक्ति र चेतनालाई सकारात्मक रूपान्तरणमा रूपान्तरण गर्न सकिन्छ कि सकिँदैन ? भन्ने प्रश्नहरु उठेका छन्। नयाँ वर्षले केवल आशा मात्र होइन, जिम्मेवारी पनि बोकेको छ। राज्यले जनताको विश्वास पुनः प्राप्त गर्न पारदर्शिता, उत्तरदायित्व र समावेशी विकासलाई प्राथमिकता दिनैपर्छ। अन्यथा, २०८२ जस्तै अशान्त र अस्थिर वर्ष फेरि दोहोरिन समय लाग्ने छैन। वर्ष २०८२ ले दिएको सबैभन्दा ठूलो सन्देश भनेको परिवर्तन अपरिहार्य छ, तर त्यसलाई सही दिशामा लैजान सक्षम नेतृत्व र उत्तरदायी शासन अनिवार्य छ।

## कुन...

आवधिमा जम्मा १८ दशमलव ३७ प्रतिशत मात्रै विकास बजेट कार्यान्वयनमा ल्याएको छ। अब यस मन्त्रालयले तीन महिनाको अवधिमा आठ अर्ब ८९ करोड ४५ लाख १४ हजार पाँच सय रुपैयाँ खर्च गर्नुपर्ने छ।

यस्तै, सामाजिक विकास मन्त्रालयको खर्च प्रतिशत पनि गतिलो छैन। कुल पाँच अर्ब ९७ करोड २६ लाख ८९ हजार बजेट रहेको यस मन्त्रालयले हालसम्म ३० दशमलव ९२ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएको छ। जसमा चालुतर्फ एक अर्ब ४० करोड ८३ लाख ३१ हजार पाँच सय ४४ र विकासतर्फ ४३ करोड ८५ लाख ५७ हजार ६ सय ५७ रुपैयाँ खर्च भएको छ। सामाजिक विकास मन्त्रालयले चालुतर्फ ४४ दशमलव १६ प्रतिशत बजेट कार्यान्वयन गर्दा विकास बजेट भने १५ दशमलव ७६ प्रतिशत मात्रै गरेको छ। अब यस मन्त्रालयले चार अर्ब १२ करोड ५७ लाख ९९ हजार सात सय ९८ रुपैयाँ खर्च गर्न बाँकी छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ५५ करोड १० लाख ४६ हजार आठ सय ३९ रुपैयाँ बजेट छ। यो कार्यालयले चालुतर्फ १३ करोड ८८ लाख ६३ हजार ९२ र पूँजिगततर्फ १३ करोड ७४ लाख ७१ हजार अर्थात कुल बजेटको २६ दशमलव २५ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएको छ। मुख्यमन्त्री कार्यालयको विकास बजेट खर्च प्रतिशत १२ दशमलव ३५ प्रतिशत छ।

२० करोड १३ लाख ४५ हजार कुल बजेट रहेको आर्थिक मामिला तथा योजना मन्त्रालयले ४३ दशमलव ९४ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएको छ। यो मन्त्रालयले चालु तर्फ आठ करोड ६५ लाख २७ हजार अर्थात ४३ प्रतिशत बजेट खर्चिंदा पूँजिगततर्फ भने ७८ लाख ८८ हजार रुपैयाँ खर्च भएको छ। हालसम्म यो मन्त्रालयले ५६ दशमलव ६३ प्रतिशत विकास बजेट कायान्वयनमा ल्याएको छ। अब यो मन्त्रालयले ११ करोड २८ लाख बढीको बजेट कार्यान्वयन गर्न बाँकी छ।

त्यस्तै, कुल दुई अर्ब ४२ करोड ७९ लाख ९८ बजेट रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २५ दशमलव ४५ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएको छ। यो मन्त्रालयको पूँजिगत खर्च पनि सन्तोषजनक छैन। नौ महिनाको अवधिमा चालुतर्फ ४८ करोड ४७ लाख ९१ हजार आठ सय १२ रुपैयाँ अर्थात ४८ प्रतिशत खर्चिंदा विकास बजेट भने जम्मा नौ प्रतिशत खर्च भएको छ। कुल विकास बजेट मध्ये हालसम्म पर्यटन मन्त्रालयले १३ करोड ३० लाख ९२ हजार नौ सय एक रुपैयाँ कार्यान्वयन गरेको छ।

अब यो मन्त्रालयको खातामा एक अर्ब ८१ लाख रुपैयाँ खर्च हुन बाँकी छ। जलस्रोत तथा ऊर्जा मन्त्रालय मातहतमा तीन अर्ब ८३ करोड ३५ लाख ८० हजार बजेट छ। तर कार्यान्वयन भने जम्मा २४ दशमलव ६० प्रतिशत भएको छ। यो मन्त्रालयले चालुतर्फ १४ करोड ५६ लाख ११ हजार ६ सय ७८ अर्थात कुल बजेटको ५३ दशमलव तीन प्रतिशत खर्च गरेको छ।

विकासतर्फ भने ७९ करोड ६७ लाख ८८ हजार आठ सय ४२ रुपैयाँ खर्च भएको छ। विकासतर्फको यो खर्च जम्मा २२ दशमलव ४१ प्रतिशत मात्रै हो। अबका तीन महिनामा यस मन्त्रालयले दुई अर्ब ८८ करोड ७९ लाख ५७ हजार चार सय ७९ रुपैयाँ खर्च गर्नुपर्ने छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत कार्यान्वयन हुनेगरी दुई अर्ब ५७ करोड ११ लाख रुपैयाँ बराबरको बजेट छ। खर्च भने जम्मा कुल बजेटको १६ दशमलव ७९ प्रतिशत मात्रै खर्च भएको छ। जसमा चालुतर्फ ३७ करोड १२ लाख २५ हजार दुई सय ६० खर्च हुँदा विकास बजेट भने ६० करोड ४३ लाख ९२ हजार ६९ रुपैयाँ मात्रै खर्च भएको छ।

यो खर्च चालुतर्फ १९ दशमलव २४ र पूँजिगततर्फ नौ दशमलव ४२ प्रतिशत हो। कृषि मन्त्रालयको खातामा दुई अर्ब १३ करोड ९४ लाख ३५ हजार चार सय ७० रुपैयाँ खर्च हुन नसकेर थन्किएको छ। यस्तै, प्रदेश सरकारले खारेज गरिसकेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको खर्च ४२ दशमलव ६६ प्रतिशत छ।

जम्मा १२ करोड ९४ लाख ७४ हजार एक सय ६६ रुपैयाँ बजेट रहेको यस मन्त्रालयले चालुतर्फ पाँच करोड ३९ लाख ७१ हजार र पूँजिगततर्फ २१ लाख ६७ हजार पाँच सय ९९ रुपैयाँ खर्च गरेको छ। जसमा चालुतर्फ ४२ दशमलव १२ र पूँजिगततर्फ ६२ दशमलव ३४ प्रतिशत बजेट कायान्वयन भएको छ। अब यो मन्त्रालयको खातामा सात करोड ४२ लाख रुपैयाँ मौज्दात छ।

# व्यक्तिगत घटना दर्ता सप्ताह सुरु हुँदै

**युग संवाददाता**
**काठमाडौँ, २ वैशाख ।**
बुधबारदेखि देशका सात सय ५३ वटै स्थानीय तहले विभिन्न कार्यक्रमका साथ 'व्यक्तिगत घटना दर्ता सप्ताह' सञ्चालन गर्ने भएका छन्।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आग्रह बमोजिम नागरिकस्तरमा व्यक्तिगत घटना दर्तासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले देशभर कार्यक्रम मनाउन लागिएको हो।

व्यक्तिको कानुनी पहिचान, नीति निर्माण र राज्यबाट प्रवाह हुने सेवा प्राप्तिका लागि व्यक्तिगत घटना दर्ता महत्वपूर्ण आधारको रूपमा रहेको छ। यसैकारण सबै स्थानीय तहले व्यक्तिगत घटना दर्ता सप्ताह मनाउन लागेका हुन्।

त्यसक्रममा विद्यालय तथा स्थानीय सङ्घ संस्थाले व्यक्तिगत घटना दर्ताको महत्वबारे सचेतना अभिवृद्धिका साथै विविध कार्यक्रम आयोजना गर्ने विभागले जनाएको छ। विभागले गत चैतको अन्तिम साता नै सबै स्थानीय तहलाई परिपत्र गर्दै विविध कार्यक्रमसहित सप्ताह मनाउन आग्रह गरिसकेको छ।

## विश्व

# रुसले चीनको ऊर्जा अभाव पूर्ति गर्ने सङ्केत

**बेइजिङ, २ वैशाख ।**
मध्यपूर्वमा जारी अमेरिका-इजरायल र इरानबिचको युद्धका कारण विश्व ऊर्जा आपूर्तिमा देखिएको अनिश्चितताबिच रुसले चीनको सम्भावित ऊर्जा अभाव पूर्ति गर्न सक्ने स्पष्ट सङ्केत दिएको छ। विशेष गरी होर्मुज जलडमरूमध्यबाट हुने ढुवानीमा अवरोध आएपछि उत्पन्न परिस्थितिमा मस्कोले आफूलाई वैकल्पिक आपूर्तिकर्ताका रूपमा प्रस्तुत गरेको हो।

रुसका विदेशमन्त्री सर्गेइ लाभरोभले बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा आफ्नो देश चीनसहित सहकार्य गर्न इच्छुक अन्य राष्ट्रहरूको ऊर्जा आवश्यकतामा देखिन सक्ने कमी पूर्ति गर्न सक्षम रहेको बताए। होर्मुज क्षेत्रको अवरोधका कारण ऊर्जा आपूर्ति प्रभावित हुने सम्भावनाबारे सोधिएको प्रश्नमा उहाँले रुससँग पर्याप्त स्रोत रहेको उल्लेख गरे।

यसै सन्दर्भमा उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चालु वर्षको पहिलो अर्धवार्षिकभित्र चीनको भ्रमण गर्ने तयारी रहेको जानकारी दिए। मस्कोस्थित राज्य समाचार एजेन्सी तासका अनुसार उक्त भ्रमणले दुई देशबिचको रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ। सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि पश्चिमी प्रतिबन्धका कारण मस्को र बेइजिङबिचको आर्थिक तथा राजनीतिक सहकार्य उल्लेखनीय रूपमा गहिरिएको छ।

पछिल्ला वर्षमा ऊर्जा, व्यापार र कूटनीतिमा दुवै देशबिचको समन्वय तीव्र बन्दै गएको देखिन्छ। चीनको दुई दिने भ्रमणका क्रममा लाभरोभले राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गरेका थिए। उक्त भेटपछि उनले रुस-चीन सम्बन्धलाई 'कुनै पनि चुनौतीको सामना गर्न सक्षम र स्थिर' भएको उल्लेख गरे। साथै, यी सम्बन्धले अन्तर्राष्ट्रिय मामिलामा स्थायित्व ल्याउने भूमिका खेलिरहेको र विश्वव्यापी रूपमा यसको महत्व बढ्दै गएको पनि उनको भनाइ थियो।

उहाँका अनुसार विश्वका धेरै देश अस्थिरता वा द्वन्द्वभन्दा शान्ति र सहकार्य चाहन्छन् र यस्तो सन्दर्भमा रुस-चीन सहकार्यले सन्तुलन कायम गर्न मद्दत पुर्याइरहेको छ। लाभरोभको यो भ्रमण त्यस्तो समयमा भएको हो जतिबेला चिनियाँ राष्ट्रपति सी जिनपिङले एकै साता विभिन्न देशका उच्चस्तरीय नेतासँग भेटघाट गरिरहेका छन्। तीमध्ये भियतनामका नेता टो लाम र स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेज पनि रहेका हुन्।

## सिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(पटक प्रकाशित मिति : २०८३ बैशाख ३)

समाज जागरण केन्द्र (स्याक) नेपाल वीरेन्द्रनगर, सुर्खेतले विगत ३० वर्षदेखि सामाजिक रुपान्तरणका क्षेत्रमा विभिन्न साझेदार संस्था र सरकारी निकायसंगको साझेदारीमा कार्य गरिरहेको छ। Save the Children को आर्थिक सहयोग र यस संस्थाको साझेदारीमा सुर्खेत जिल्लाको वराहताल गाउँपालिकामा संचालित भएको My Forest Child कार्यक्रम अर्न्तगत निर्माणसंग सम्बन्धि सामग्रीहरु आवश्यक परेकोले उक्त सामग्रीहरु उपलब्ध गराउन सक्ने फर्मले यहि मिति २०८३ बैशाख ९ गते वेलुका ५ बजेसम्म कोटेशन पेश गर्न आब्हान गरिन्छ।

**सिलवन्दी दरभाउपत्र सम्बन्धि शर्तहरुः**

१. सिलवन्दी दरभाउ पत्रसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः
- कर चुक्ताको प्रमाण पत्र (२०८१/२०८२) को प्रतिलिपि
- पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि
- कम्पनी/घरेलु/वाणिज्य दर्ता प्रमाण पत्रको प्रतिलिपि

२. ढुवानी/आपूर्तिका शर्तहरुः
- उक्त सामाग्रीहरु केन्द्रीय कायालय वीरेन्द्रनगर नगरपालिका १२ सुर्खेत सम्म आपूर्ती पर्नेछ।
- सामाग्रीहरुको विवरण यसै साथ संलग्न गरिएको छ।
- कोटेशन पठाउदा दिइएको सामग्रीको शिलबन्दी गरी पठाउनु पर्ने छ, अन्यथा मान्य हुने छैन।
- म्याद नाघी प्राप्त भएका वा रीत नपुगेका कोटेशहरु मान्यहुने छैन।
- तोकिएको समय भन्दा पछाडी पेश भएका कोटेशन मान्य हुने छैन र कोटेशन रद्द हुनेछ।
- यदी संस्थालाई थप सामाग्री आवश्यक भएमा ९० दिन भित्र थप अडर गर्न सक्ने छ। थप अडर गर्दा आपूर्तीकर्ता सोही दररेटमा उपलब्ध गराउनु पर्ने छ।
- सामग्रीको गुण, विशेषता वा विशिष्टिकरण अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

३. भूक्तानीः
- संलग्न विवरण बमोजिमको सम्पुर्ण सामाग्रीहरु उल्लेखित शर्तहरु पालना गरी पूर्ण रुपमा प्राप्त भइ सकेपछि मात्रै भुक्तानी गरिनेछ।

४. छनौटका आधारहरु :
- कानुनी प्रक्रिया पुरा गरेको
- सामग्रीको मूल्य : ८० प्रतिशत
- क्षमता : आपूर्ति गर्न सक्ने समय, सामग्रीको मौज्दात, गुणस्तर र कार्य अनुभवः २० प्रतिशत

५. सामग्रीको मौज्दात (मौज्दात परिमाण स्पष्ट खुलाउनु पर्नेछ)
- छ वा छैन ..............................

६. सामग्री उपलब्ध गराउने समय (समय स्पष्ट खुलाउनु पर्नेछ)
- १) अर्डर गरेको..................दिन

७. कार्यअनुभव (कार्य अनुभव स्पष्ट खुलाउनु पर्नेछ)
- १) कार्य अनुभव छ/कार्यअनुभव छैन (यदि छ भने सम्झौता वा विल को नमुना कपी राख्नुपर्नेछ)

८.सिलवन्दी कोटेशन पठाउने अन्तिम मिति र ठेगानाः
- शिलबन्दी कोटेशन पठाउनु पर्ने अन्तिम मिति र समयः २०८३ बैशाख ९ गते वेलुका ५ बजे भित्र समाज जागरण केन्द्र (स्याक) नेपालको कार्यालय वीरेन्द्रनगर १२ दिपनगर सुर्खेत वा इमेल बाट पेश गर्नु परेमा सिलवन्दी दरभाउ पत्र पठाउदा दिइएको पिडिएफ (PDF) फाइललाई पासवर्डले लक गरी वा पासवर्ड नभई खोल्न नमिल्ने गरी पठाउनु पर्ने छ, दरभाउ पत्र र पासवर्ड पठाउनु पर्ने इमेल ठेगाना sacquotation@gmail.com
- कोटेशन खोल्ने समय २०८३ बैशाख १० गते दिनको ११:बजे र स्थानः समाज जागरण केन्द्र (स्याक) नेपालको कार्यालय वीरेन्द्रनगर सुर्खेत। प्राप्त कोटेशनहरु आपूर्तीकर्ताको प्रतिनिधिको रोहवरमा खालिने छ तर प्रतिनिधि उपस्थित नभएमा पनि कोटेशन खोल्न वाधा पर्ने छैन।
- कोटेशन पूर्ण वा आंशिक रुपले स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार समाज जागरण केन्द्र (स्याक) नेपालमा निहित रहनेछ।

**सामाग्रीहरुको विवरण**

**घेरबार तर्फ**

| क्र.सं. | विवरण | गुणस्तर / विशिष्ठिकरण | एकाई | आवश्यक पमिाण |
|---|---|---|---|---|
| 1 | G.I Barbed Wire 12 swg | Galvanized coated | Kg | 1,536 |
| 2 | Nails 2" | High strength | Kg | 14 |
| 3 | Angle pole 7kg@2.1m | Painted with metal primer and black paint | Kg | 2,975 |
| 4 | Angle Gate 2 nos. | Painted with metal primer and black paint | Kg | 36 |

**सिचाई तर्फ**

| क्र.सं. | विवरण | गुणस्तर / विशिष्ठिकरण | एकाई | आवश्यक पमिाण |
|---|---|---|---|---|
| 1 | 1" Garden (loose) pipe | | Rm | 700 |
| 2 | 25mm@ 16PN HDPE pipe | | Rm | 800 |
| 3 | Submersible water pump 1.5HP that can lift 60mtr.head and outlet 1.5"*1" coil 100% copper | | Nos. | 1 |
| 4 | Generator 2.5 KV | Petrol Generator | Nos. | 1 |

**सिचाइ संरचना निर्माण, घेरबार.तर्फ**

| क्र.सं. | विवरण | गुणस्तर / विशिष्ठिकरण | एकाई | आवश्यक पमिाण |
|---|---|---|---|---|
| 1 | Cement bag | OPC 43 grade | Bag | 127 |
| 2 | Measuring Tape-3m. | Good quality | Nos | 9 |
| 3 | Safety Gloves | Good quality | Pair | 25 |
| 4 | Helmate-Yellow Color | Good quality | Nos. | 25 |
| 5 | Safety Rain Gum Boot | Good quality | Pair | 25 |
| 6 | Combination plier 8" | Good quality | Nos | 10 |
| 7 | Shovel | Good quality | Nos | 10 |
| 8 | Pick axe | Good quality | Nos | 12 |
| 9 | Steel pan | Good quality | Nos. | 19 |
| 10 | Crowbar | 1.5" * 5' length Good quality | Nos. | 9 |

थप जानकारीका लागी
खरिद(उप समिती
**समाज जागरण केन्द्र (स्याक) नेपाल**
फोन नं. : ०८३-५२१२८२

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** – पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ भने सम्पादित कामको मूल्यांकनले जिम्मेवारी समेत दिलाउनेछ। विभिन्न कामका अवसर प्राप्त हुनेछन्।

**वृष** – सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ। शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि कर्मसञ्चय गर्ने समय छ।

**मिथुन** – विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला। परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ।

**कर्कट** – सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। परिबन्धले चुनौती निम्त्याउन सक्छ।

**सिंह** – माहोल रमाइलो रहनेछ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ।

**कन्या** – मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्।

**तुला** – छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्री विचार पुर्याउनुहोला।

**वृश्चिक** – आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। अवसर मिले पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ। पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ।

**धनु** – योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ।

**मकर** – प्रयत्न गर्दागर्दै पनि केही कमजोरी देखा पर्न सक्छन्। आलोचकहरूबाट पनि केही सजग रहनुपर्ला। मौकामा प्रयत्न गर्दा काम बन्नेछ।

**कुम्भ** – विशेष अवसर अथवा रमाइलो परिस्थितिका बीच पनि सानो चिन्ताले पिरोल्न सक्छ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**मीन** – बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ। अर्थअभावले विशेष काम रोकिन सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ।

# २०६२ देखि सार्वजनिक पदमा रहेका उच्चपदस्थको सम्पत्ति छानबिन गर्ने आयोग गठन

**युग संवाददाता**
**काठमाण्डौं, २ वैशाख ।**

सरकारले २०६२/६३ देखि २०८३ सम्म सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिनका लागि अधिकारसम्पन्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेको छ।

मन्त्रिपरिषदको बुधबारको बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजत्वकमा चार सदस्यीय सम्पत्ति जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेको हो।

आयोगमा सर्वोच्च अदालतका पूर्वन्यायाधीशहरू पुरूषोत्तम पराजुली र चण्डीराज ढकाल, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड अकाउन्टेन्ट प्रकाश लम्साल सदस्य छन्। यो आयोगले २०६२/६३ देखि अहिलेसम्म सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण तथा छानबिन गर्ने जानकारी सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले दिए।

प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले आफ्नो पहिलो मन्त्रिपरिषद बैठकबाट पारित गरेको शासकीय सुधारका १०० कार्यसूचीमा २०४८ सालदेखि हालसम्म सार्वजनिक पद धारण गरेका राजनीतिक तथा उच्च पदस्थ कर्मचारीको सम्पत्ति छानबिन गर्न १५ दिनभित्र अधिकारसम्पन्न समिति गठन गर्ने भनिएको थियो। उक्त म्याद गत शुक्रबार पूरा भयो।

कार्यसूचीमा यस्तो आयोगले पहिलो चरणमा २०६२/६३ देखि २०८२/८३ सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण तथा छानबिन गर्ने भनिएको छ।

त्यस्तै, दोस्रो चरणमा २०४८ सालदेखि २०६१/६२ सम्मको अवधिमा सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने भनिएको छ। यसै अनुसार मन्त्रिपरिषद बैठकले पहिलो चरणको सम्पत्ति छानबिन गर्ने गरी आयोग गठन गरेको सरकारका प्रवक्ता पोखरेलले बताए।

बालेन सरकारको पहिलो मन्त्रिपरिषद बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको ४३ नम्बर बुँदामा यस्तो समिति गठन गर्ने उल्लेख छ। देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनता अन्त्य गर्न छानबिन समिति गठन गर्न लागेको उक्त बुँदामा भनिएको छ। छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेस गरेको प्रतिवेदन तथा सिफारिसहरू सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने पनि उक्त बुँदामा उल्लेख छ।

यस्तो समितिलाई आवश्यक कागजात, विवरण तथा अभिलेख संकलन, विश्लेषण तथा सिफारिस गर्ने लगायतका अधिकार दिने भनिएको छ। सरकारले १०० कार्यसूचीको 'सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण' शीर्षकअन्तर्गत यो बुँदा समावेश गरेको हो। त्यस्तै, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न राष्ट्रिय सतर्कता केन्द्रको पुनर्संरचना योजना ३० दिनभित्र तयार गरी कार्यान्वयनमा ल्याउने पनि भनिएको छ।

भ्रष्टाचार नियन्त्रणलाई प्रणालीगत बनाउन नेपाल राष्ट्र बैंकले १०० दिनभित्र बैंक खाता, डिजिटल वालेट, सेयर लगानी तथा अन्य वित्तीय गतिविधिहरूलाई समेट्ने गरी डिजिटल सम्पत्ति लगत स्थापना गर्ने, त्यसमा जोखिममा आधारित संकेत प्रणाली लागू गर्ने तथा सन्देहास्पद कारोबारहरूको स्वचालित पहिचान गरी सम्बन्धित निकायमार्फत अनुसन्धान प्रक्रिया अघि बढाउने भनिएको छ।

**अनुसुची–१५**
**(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८३/०१/०३**

श्री हरियाली धौलापुर सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०६ र ०७, सुर्खेतको सामुदायिक वनबाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको सल्लो गोलिया काठ ग्रेड (ए) ३४८ थान ६१४६.५८ क्यूफिट, ग्रेड (बि) १६६ थान १७१८.३१ क्यूफिट गरी कुल जम्मा ५१४ थान ७८६४.८९ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री हरियाली धौलापुर सामुदायिक वन उपभोक्ता समूहको कार्यालय चौकुने गा.पा.-०६ र ०७, सुर्खेत श्री चौकुने सव-डिभिजन वन कार्यालय गुठु, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री हरियाली धौलापुर सामुदायिक वन उपभोक्ता समूह**
**चौकुने गा.पा.-०६ र ०७, सुर्खेत।**

**Birendranagar Municipality**
## Office of The Municipal Executive
**Birendranagar, Surkhet**
**Karnali Province, Nepal**

**Invitation For Bids**

**(First Date Of Publication: - 2083.1.3 B.s.)**

1. Birendranagar Municipality Office Invites Electronic Bids From Eligible Bidders For The Following Projects Under National Competitive Bidding Procedures.
2. Eligible Bidders May Obtain Further Information At The Birendranagar Municipality, Surkhet Phone No: 9858063111& Ppmo Website.

| S. N. | Contract No. | Name Of Work | Bid document fee (non-refundable) | Estimated Amount (Excluding VAT & Including PS) | Bid Security Amount | Last Date of Submission | Bid Opening Date &Time |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/BM/W/ 082/083-70 | Construction of Scout Building, Birendranagar 8, Surkhet | NRs. 3,000/- | NRs. 73,30,664.82 | NRs. 1,83,000.00 | 2083.2.1, 12:00 Hr | 2083.2.1, 14:00 Hr |
| 2 | SQ/BM/ LILAM/ 082/083/1 | सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी सूचना | रु. १,०००/- | न्यूनतम मूल्यांकन रकम रु. ४,८२,१८५।०० | रु. १२,०००/- | २०८३।१।१७ दिनको १२:०० | २०८३।१।१७ दिनको १४:०० |

**Chief Administrative Officer**

**कनकासुन्दरी गाउँपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर १८१०५००००२८ मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

**कोहलपुर नगरपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**बाँके**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८५८०८१८५२ मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

**वीरेन्द्रनगर नगरपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ०८३-५२०१२८ मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

**सिंजा गाउँपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८४४८७४५४३ मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

**चिङ्गाड गाउँपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८४९४२६६८० मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

**गोदावरी नगरपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**कैलाली**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ०९१-५०८००१ मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

**शुभकालिका गाउँपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ०८७-४४०३०३ मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

**आठबीस नगरपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**राकम, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८४०५७७१७१ मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

**खाडाँचक्र नगरपालिका**
## गाउँ कार्यपालिकाको कार्यालय
**कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८३ वैशाख ०३ गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ०८७-४४००१२ मा सम्पर्क गर्नुहोस्।

**प्रमुख प्रशासकीय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# ‘उपभोक्ताले सहजै पाउँदैनन् काठ’

**◣ईन्द्राकुमारी केसी/रासस**
**कैलाली, २ वैशाख ।**

कैलालीको घोडाघोडी नगरपालिका-१, सुख्खडकी विमला बुढाथोकीको घरछेउमै सामुदायिक वन छ। उनी उक्त वनको सदस्य पनि छन्। त्यसैले पनि उहाँलाई नयाँ घर निर्माण गर्दा काठ पाउनका लागि समस्या नहोला भन्ने लागेको रहेछ। निर्माण सुरु भएपछि भने उनले सोचे जस्तो भएन।

घरछेउमै सामुदायिक वन हुँदा पनि आफूले झ्याल-ढोकाका लागि आवश्यक काठ पनि सहज रूपमा नपाएको गुनासो गर्दै बुढाथोकी भन्छन्, “आफू सदस्य रहेको वनमा काठ छ, त्यसैले समस्या नहोला भन्ने ठानेकी थिए, तर निकै झण्झटिलो हुँदो रहेछ, त्यसैले महँगो मूल्य तिरेर सःमिलबाट काठ ल्याउनुपर्‍यो।”

बुढाथोकीले मात्रै होइन, घोडाघोडीलगायत जिल्लाका अधिकांश नागरिकले यस्तै समस्या भोग्नुपरिरहेको छ। हुन त कैलाली र कञ्चनपुर देशकै बढी वन क्षेत्र भएका जिल्लामध्ये पर्छन्। यहाँ घर निर्माण, फर्निचर उत्पादन तथा अन्य सामग्रीका लागि महत्वपूर्ण स्रोतका रूपमा रहेका साल, सिसौं, खयरजस्ता बहुमूल्य काठ प्रजातिका रुखहरू पाइन्छन्। यी वन क्षेत्रले स्थानीयस्तरमा रोजगारी सिर्जना, सामुदायिक आम्दानी वृद्धि र राज्यको राजस्व सङ्कलनमा महत्वपूर्ण योगदान दिँदै आएका छन्।

तथापि, पछिल्ला वर्षहरूमा प्राकृतिक विपद्का कारण वन क्षेत्रमा धेरै रुखहरू ढलेका र सुकेका देखिन्छन्, तर यसरी ढलेका तथा सुकेका रुखहरू समयमै सङ्कलन हुँदैनन्। यसैकारण त्यस्ता काठ वनमै कुहिने, चोरी हुने तथा डढेलोमा जलेर नष्ट हुने अवस्था छ।

कञ्चनपुरमा यस्तै समस्या रहेको बताउनुहुन्छ, सिंहपुर सामुदायिक वनका अध्यक्ष जोगराज चौधरी। उनका अनुसार वन क्षेत्रमा ठूलो परिमाणमा काठ थुप्रिएको छ, तर उपयोग गर्न सकिएको छैन। “काठ जङ्गलमै बिग्रिरहेको छ, तर प्रक्रिया पूरा नभएसम्म उठाउन पाइँदैन। त्यसैले स्थानीय उपभोक्ताले अत्यावश्यक अवस्थामा पनि काठ पाइरहेका छैनन्”, चौधरीले भने।

**‘बरु वनमै कुहिन्छ’**

सामुदायिक वन उपभोक्ता समूहहरूले वन संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्, तर यिनै समूहले आफ्नै वनभित्र ढलेका तथा सुकेका काठ उपयोग गर्न नपाउने समस्या छ। वनको दिगो व्यवस्थापनका लागि वार्षिक वन कार्ययोजनाअनुसार सीमित सङ्ख्यामा मात्र रुख कटानी गर्न पाइन्छ, तर अन्य रुख ढलेको अवस्थामा पनि उपयोग गर्न पाइँदैन।

त्यस्ता रुख सङ्कलनका लागि जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय गर्नुपर्छ। त्यसपछि प्रदेश वन निर्देशनालयको सिफारिस र प्रदेश वन मन्त्रालयको सहमति आवश्यक हुन्छ। यो प्रक्रिया पूरा गर्न हप्तौँदेखि महिनौँसम्म लाग्ने गरेकाले काठ वनमै कुहिने गरेको कैलालीको बुढो बेताल सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष नरबहादुर सोडारीले बताए।

“रुख ढले पनि हामीलाई वार्षिक कार्ययोजनाले तोकिएको सङ्ख्याभन्दा बढी उठाउन अनुमति हुँदैन। प्रक्रिया पूरा गर्दागर्दै काठ बिग्रिसक्छ। अब यो समस्या समाधानका लागि उपयुक्त उपाय सोच्न आवश्यक छ”, उनले भने।

योसँगै सव-डिभिजन वन कार्यालयले स्थलगत जाँच गरेपछि कटानका लागि आदेश आउनुपर्ने र त्यसमा ढिलाइ हुने गरेकाले काठ व्यवस्थापनमा समस्या हुने गरेको भजनी नगरपालिका-९ स्थित जन ज्योति सोनिया सामुदायिक वनका अध्यक्ष सुरेश चौधरीको भनाई छ। “आदेश ढिला आउँछ, कहिलेकाहीँ निर्यात पनि रोकिन्छ, त्यसले गर्दा काठ कुहिएर मूल्य घट्छ। यो वर्षौंदेखिको समस्या हो”, उनले भने।


# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## ठेक्का स्वीकृतीको आशयको सूचना

**प्रकाशित मिति: २०८३।०१।०३**

प्रस्तुत बिषयमा मिति २०८२।११।१८ गते यस कार्यालयवाट प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको वोलपत्र मुल्यांकन समितिबाट तपसिल वमोजिम वोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र. सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ NCB/03/082/083 | Procurement of supply and delivery of Bee Hive For Chaurjahari Municipality, Rukum West | Nepal Bee Concern Rapti4, Bhandara, Chitwan Nepal | NRS. 9449062.00 |

प्रमुख प्रशासकीय अधिकृत


राप्ती बगरमा फलेको ‘रातो सुन’ :
# आफ्नै भूमिमा अर्गानिक तरबुजा पाएपछि स्थानीय खुसी

**◣सरला सुवेदी**
**बाँके, २ वैशाख ।**

“मेहनत र पसिनाले बालुवामा पनि सुन फलाउन सकिन्छ” भन्ने भनाइलाई बाँकेको राप्ती नदी किनारले यतिबेला जीवन्त बनाइदिएको छ। उराठ लाग्दो, सुनसान र उपयोगविहीन जस्तो देखिने राप्तीको बगर अहिले हरियो बोट र राताम्य तरबुजाले ढाकिएको छ। सिदनिया घाट आसपासको क्षेत्र अहिले तरबुजा खेतीको केन्द्र बनेको छ, जहाँ भारतका विभिन्न स्थानबाट आएका किसानहरूले श्रम र सीपको बलमा बगरलाई आम्दानीको स्रोतमा रूपान्तरण गरेका छन्।

राप्ती नदीको बगरमा अहिले भारतको हरियाणा, दिल्ली र उत्तर प्रदेशबाट आएका झन्डै १० घरपरिवार किसानले तरबुजा खेती गरिरहेका छन्। उनीहरूले विगत तीन वर्षदेखि यहाँ निरन्तर खेती गर्दै आएका छन् र यसलाई भरपर्दो आम्दानीको माध्यम बनाएका छन्। करिब तीन महिनामै उत्पादन लिन सकिने तरबुजा अबको १५-२० दिनभित्र बिक्रीका लागि तयार हुने किसानहरूको भनाइ छ।

हाल राप्ती बगरको करिब ११० बिघा जमिनमा करिब ७० लाख रुपैयाँ लगानी गरी तरबुजा खेती गरिएको छ। सिँचाइ, बीउ, मल तथा श्रम व्यवस्थापनमा गरिएको लगानीले बगरलाई हराभरा बनाएको छ। उत्पादन तयार भएपछि यहीँबाट तरबुजा बिक्री हुने र करिब डेढ करोड रुपैयाँ बराबरको कारोबार हुने अनुमान गरिएको छ।

भारतीय बजारबाट तरबुजा खरिद गरेर नेपालमा बिक्री गर्दै आएका व्यापारीहरूले बाँकेको राप्ती बगरमा यसको उच्च सम्भावना रहेको सुझाव दिएपछि आफूहरू नेपाल आएर खेती सुरु गरेको किसानहरूको भनाइ छ। उत्तर प्रदेशका किसान बसिल खान भन्छन्, “ज्याला मजदुरी गरेर भन्दा तरबुजा खेतीबाट धेरै राम्रो आम्दानी हुन्छ। तीन महिनामै करिब तीन लाख रुपैयाँसम्म कमाउन सकिन्छ। यहाँको वातावरण र समाज पनि राम्रो भएकाले काम गर्न सहज भएको छ।”





## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)





युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।